# प्रेस बिज्ञप्ति

मेलम्ची खानेपानी आयोजनाको मुहान क्षेत्रको ओपन कट भईरहेको स्थानमा भेटिएको पहेलो देखिने खनिज पदार्थको नमुना परिक्षणकालागि श्री खानी तथा भूगर्भ विभाग लैनचौर पठाईएकोमा मिति २०७३। ८। २१ मा प्राप्त परिक्षण रिपोर्ट अनुसार उक्त नमुनामा सुन नभेटिएको पुष्टि भएको छ ।

साथै प्राप्त प्रतिवेदनमा तामाको परिमाण ज्यादै नगन्य मात्रामा अर्थात १३.४ मीलीग्राम प्रति के.जी . पाईएको छ । सो बिभागका प्राविधिकका अनुसार उक्त खनिजलाई परिस्कृत गरी शुद्ध धातुका रुपमा प्रयोग गर्न आर्थिक हिसाबले सम्भाब्य देखिदैन ।

हालको नमुना परिक्षणको नतिजा अनुसार उक्त स्थानवाट उपयोगी धातु उत्खनन् गर्न सम्भव नदेखिएको हुदा मेलम्ची खानेपानी आयोजनाको नियमित कामकाज सुचारु रुपले गर्नको लागि सम्बन्धित सवै पक्षबाट सहयोगको लागि अनुरोध गर्दछौ ।

खानि तथा भूगर्भ विभाग वाट प्राप्त परिक्षणको प्रतिवेदन सवैको जानकारीको लागि यसै साथ प्रकासन गरिएको छ ।

मेलम्ची खानेपानी विकास समिति